# खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदानका लागि नीतिगत र कानूनी समीक्षा

अगष्ट, २०७५

नेपाल हर्व्स तथा हर्वल उत्पादक संघ (नेहपा)
काठमाण्डौं

# खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदानका लागि नीतिगत र कानूनी समीक्षा

*(चिराइतो, रिट्ठा, अमला, तेजपात, कुरिलो, बोझो, सर्पगन्धा, कचुर, केसर, अत्तिस, टिमुर, सिल्टीमुर, घ्यूकुमारी, क्यामोमाइल, बेल, लप्सी, रुद्राक्ष, बोधिचित्त, च्यूरी, मसलाको पात (इकालिप्टस्), तुलसी, मेन्था, र लेमनग्रास, सिट्रोनेला, पामारोजा)*

## १. पृष्ठभूमी

नेपाल सरकारले व्यापारीकरण र आर्थिक विकासका लागि प्राथमिकीकरण गरेका ३० वटा जडिबुटीहरु[1] मध्ये धेरै जसो जडिबुटीहरु किसानको निजी वन तथा कृषि जमिनमा खेति गरी उत्पादन र आपूर्ती गरिदै आएका छन् (तालिका १) । त्यसैगरी उक्त प्राथमिकीकरणमा नपरेका भएपनि वन नियमावली २०५१ को अनुसूची-३ अन्तर्गत सूचीकृत गरिएका २१५ वटा जडिबुटीहरु मध्ये कैयौं जडिबुटीहरु निजी वन तथा कृषि जमिनमा खेति गरी उत्पादन र आपूर्ति गरिदै आएको छ । यसका साथै वन नियमावली २०५१ को अनुसूची - २७ मा सूचीकृत गरिएका १३ वटा जडिबुटीहरुमध्ये लगभग सबै जडिबुटीहरु निजी वन तथा कृषि जमिनमा खेति गरिदै आएका छन् । यसरी विभिन्न वर्गीकरण तथा अनुसूचीमा सूचीकृत गरिएका जडिबुटीमध्ये लगभग २५ वटा जडिबुटीहरु लामो समयदेखि किसानहरुले निजी वन तथा कृषि जमिनमा खेति गरी उत्पादन र विक्री वितरण गर्दै आएका छन् भन्ने कुरा विभिन्न अनुभव र अध्ययन अनुसन्धानबाट पुष्टि हुँदै आएको छ । त्यसैले नेपाल सरकारका विभिन्न नीति तथा कार्यक्रमहरुमा किसानका निजी वन र कृषि जमिनमा गरिने जडिबुटी खेति तथा उत्पादन र आपूर्तिलाई महत्व दिई विभिन्न प्रवर्द्धनात्मक व्यवस्थाहरु गरिएका छन् ।

खेति गरिदै आएका जडिबुटीको उत्पादन र बजारीकरणका लागि सरकारी नीति तथा कार्यक्रमहरुमा विभिन्न उत्प्रेरणात्मक व्यवस्थाहरु गरिएको भएपनि वन नियमावली २०५१ को नियम ११ (अनुसूची-३) र नियम ६२ (४ख) ( अनुसूची २७) मा गरिएका व्यवस्थाहरु अनुसार किसानका निजी वन तथा कृषि जमिनमा उत्पादन गरिएका खेतिजन्य जडिबुटीहरुलाई पनि वन क्षेत्रबाट संकलित जडिबुटीको रुपमा गणना र सूचीकरण गरिरएको छ, जसले गर्दा किसानका निजी वन वा कृषि जमिनमा खेति गरी उत्पादन गरिएका जडिबुटीको ओसार पसार र विक्री वितरणका लागि पनि वन क्षेत्रबाट संकलित जडिबुटी सहरको नियम पालना गरी छोडपुर्जी लिनु पर्ने वा लगत प्रमाणित गराउनु पर्ने व्यवस्था गरिएको छ । यसबाट एकातर्फ जडिबुटी खेति गरी उत्पादन गर्ने किसानहरुका लागि छोडपूर्जी वा लगत प्रमाणितको प्रक्रिया असहज तथा झञ्झटिलो हुने र अर्कोतर्फ निजी वन तथा कृषि जमिनमा खेति गरी उत्पादित कृषि उपजको रुपमा रहेका जडिबुटीको ओसार-पसार, प्रशोधन, विक्री वितरण र निर्यातमा संलग्न हुने जडिबुटी उद्योगी व्यावसायीहरुले पनि वन क्षेत्रका जडिबुटी सरहको नियम पालना गरी स्थानीय कर तिर्नुपर्ने र विभिन्न निकायको इजाजत पत्र, छोडपूर्जी, लगत प्रमाणित, प्रमाणीकरण जस्ता दस्तावेज प्राप्त गर्ने झञ्झटिलो, लामो र जटिल प्रक्रियाहरु पुरा गर्नुपर्ने अवस्था रहेको छ, जसले गर्दा खेतिजन्य जडिबुटी उत्पादन गर्ने किसान र खेतिजन्य जडिबुटीमा आधारित उद्योगी व्यावसायीहरु समेत निरुत्साहित भई रहनु पर्ने अवस्था रहेको छ ।

त्यसैले वन नियमावली २०५१ मा संशोधन गरी खेतिजन्य जडिबुटीको अलग्गै अनुसूची बनाई खेतिजन्य जडिबुटीको सन्दर्भमा वन क्षेत्रबाट संकलित जडिबुटी सरहको नियम लागु नहने व्यवस्था गर्नुपर्ने वा खेतिजन्य जडिबुटी उत्पादन र विक्री वितरणसम्बन्धी अलग्गै निर्देशिका तर्जुमा गर्ने अवस्था रहेको छ । त्यसैले उक्त कार्य गर्नका लागि नेपालको विद्यमान नीतिगत र कानूनी व्यवस्थाहरु अनुसार के कस्ता विकल्पहरु विद्यमान रहेका छन् भन्ने बारेमा समिक्षा गरी उपयुक्त सुझाव प्रस्ताव गर्ने उद्देश्यले यो दस्तावेज तयार गरिएको हो ।

[1] अतिस, अमला, ओखर, कटुकी, गुच्ची च्याउ, गर्जो, चिराईतो, जंगली सयपत्री, जटामसी, झ्याउ, टिमुर, तेजपात/नेपाली दालचिनी, धसिंगरे, नीम, पदमचाल, पाषणभेद, पाँचऔंले, पिपला, बिष, बोझो, भ्याकुर, मजिठो, यार्सागुम्बा, रिट्ठा, लघुपत्र, लौंठसल्ला, सुगन्धकोकिला, सुगन्धवाल, सतावरी/कुरीलो र सर्पगन्धा ।

## २. नीतिगत समीक्षाको उद्देश्य

यस नीतिगत समिक्षाको मुख्य उद्देश्य किसानले निजी वन तथा कृषि जमिनमा खेतिगरी उत्पादन गर्दै आएका खेतिजन्य जडिबुटीलाई वन पैदावारको रुपमा गणना नगरी खेतिजन्य जडिबुटीको रुपमा गणना गरी कृषि उत्पादनको रुपमा मान्यता प्रदान गर्नका लागि के कस्तो व्यवस्था गर्न सकिन्छ भन्ने बारेमा नीतिगत र कानूनी समिक्षा गर्नु रहेको छ । यस समिक्षा पत्रका अन्य उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

- कृषिजन्य जडिबुटीलाई वन पैदावारको सट्टामा कृषि उत्पादनको रुपमा गणना गर्न वा मान्यता प्रदान गर्नका लागि हाल विद्यमान रहेका नीतिगत तथा कानूनी अवशरहरुको समिक्षा गर्ने ।
- कृषिजन्य जडिबुटीलाई कृषि उत्पादनको रुपमा गणना गर्नका लागि कठिनाई सिर्जना गर्ने कानूनी व्यवस्थाहरु पहिचान गर्ने र
- कृषिजन्य जडिबुटीलाई वन पैदावारको सट्टामा कृषि उत्पादनको रुपमा मान्यता प्रदान गर्नका लागि तर्जुमा गर्न सकिने विभिन्न कानूनी व्यवस्थाबारे सुझाव प्रस्ताव गर्ने ।

## ३. नीतिगत समीक्षा विधि

यस विषयमा नीतिगत समिक्षाका नेपालमा तर्जुमा गरिएका जडिबुटी खेति प्रवर्द्धनसम्बन्धी विभिन्न नीति तथा कानून र सरकारी योजना एवं कार्यक्रमहरुको अध्ययन तथा विश्लेषण गरी अवशर र चुनौतिहरुको समिक्षा गरिएको थियो । नीतिगत समिक्षाका क्रममा खासगरी खेतिजन्य जडिबुटीमा आधारित उद्योग व्यवसाय गर्दै आएका उद्योगी व्यवसायी र निजी वन तथा कृषि जमिनमा जडिबुटी उत्पादन गर्दै आएका जडिबुटी किसानहरुले उठाउँदै आएका सवालहरुको पनि अध्ययन गरिएको थियो । यसका साथै जडिबुटीसम्बन्धी नीतिगत तहमा कार्यरत सरकारी निकायका विभिन्न कर्मचारीहरु गरिएका छलफलबाट प्राप्त जानकारी र अवधारणाहरुलाई पनि आधार मानी यो नीगितत समिक्षापत्र तयारी गरिएको हो ।

## ४. खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्ने नीतिगत र कानूनी व्यवस्थाहरु

### अन्तर्राष्ट्रिय कानूनमा परस्थानीय संरक्षण (जडिबुटी खेति) को मान्यता

**जैविक विविधता महासन्धि १९९२** (CBD) : यस महासन्धिको धारा २ र ९ ले जडिबुटीको रुपमा रहेका जैविक विविधतालाई तिनको प्राकृतिक अवस्था भन्दा बाहिर पनि कृत्रिम/परस्थानीय संरक्षण (Ex-situ conservation) गरी सदुपयोग गर्न सकिन्छ भन्ने बारेमा स्पष्ट व्यवस्था गरेको छ । त्यसैले कृषिजन्य जैविक विविधताको रुपमा रहेका जडिबुटीलाई तिनको प्राकृतिक स्थान बाहेक कृषि जमिनमा पनि संरक्षण र संकलन गरी कृषि उपजको रुपमा सदुपयोग गर्न सकिन्छ ।

**खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि २००१** (International Treaty on Plant Genetic Resources for Food and Agriculture- ITPGRFA) : नेपालले समेत अनुमोदन गरेको यस सन्धिको धारा २ ले खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतको परस्थानीय संरक्षण (Ex-situ conservation) लाई परिभाषित गर्दै धारा ५ मा खाद्य तथा कृषिका लागि कृषि जमिनमा वानस्पतिक आनुवंशिक स्रोतको सरक्षण, व्यवस्थापन र सदुपयोग गर्न कृषक र स्थानीय समुदायलाई सहयोग र अभिप्रेरित गर्न राज्यले कानून बनाउनु पर्ने व्यवस्था गरिएको छ । यस सन्धिको अनुसूचीमा समावेश गरिएका ६४ वटा खाद्य र कृषिसम्बन्धी वानस्पतिक आनुवंशिक स्रोतहरु अन्तर्गत कैयौं मसलाजन्य जडिबुटीहरु पनि पर्दछन्, जसलाई कृषि उपजको रुपमा मान्यता प्रदान गरिएको छ ।

**सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि १९७३** (CITES) : यस महासन्धिको धारा ७ मा गरिएको व्यवस्था अनुसार सङ्कटापन्न वनस्पति (खासगरी महासन्धिको अनुसूची २ मा समावेश भएका लोपोन्मूख

वनस्पति) हरुको निजी तथा तथा घरायसी प्रयोगका लागि संरक्षण, उत्पादन र प्रयोग गर्न अनुमति लिनु नपर्ने व्यवस्था गरेको छ, जसका आधारमा किसानले आफ्नो निजी जग्गा तथा कृषि जमिनमा यस महासन्धि अनुसार नियमन हुने सङ्कटापन्न वनस्पति अन्तर्गत पर्ने कतिपय जडिबुटीलाई पनि कृषिजन्य उपजको रुपमा उत्पादन गर्न सक्दछन् ।

यसरी विभिन्न अन्तर्राष्ट्रिय कानूनहरुमा जडिबुटीको खेति गर्न सकिने र यसरी खेति गरी उत्पादन गरिएका जडिबुटीलाई कृषि उपजको रुपमा मान्न सकिने व्यवस्था गरिएको छ, जस अनुसार खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता दिने गरी राष्ट्रिय नीति तथा कानूनको तर्जुमा गर्नुपर्ने हुन्छ ।

## खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्ने राष्ट्रिय नीति तथा कानून

नेपालका उद्योग, वाणिज्य, कृषि, कृषि वन, सहकारी र आर्थिक नीति तथा कानून र मार्गदर्शनहरुमा किसानले आफनो कृषि जमिनमा उत्पादन गर्ने खेतिजन्य जडिबुटीलाई कृषि उत्पादनको रुपमा मान्यता प्रदान गर्नेगरी विभिन्न प्रत्यक्ष र अप्रत्यक्ष व्यवस्थाहरु गरिएको छ, जसमध्ये केही मुख्य व्यवस्थाहरु निम्न अनुसार रहेका छन् :

## वन नियमावली २०५१

वन नियमावली २०५१ को नियम ६४(४ग) मा निजी वनमा जडिबुटी उत्पादन गर्न सकिने र यरी निजी वनमा उत्पादन गरिएका जडिबुटी छोडपूर्जी नलिई ओसार पसार गर्न सकिने व्यवस्था गरिएको छ । यद्यपि वन नियमावलीमा एकातर्फ कृषि जमिनमा उत्पादन गरिएका खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता दिने कुनै व्यवस्था गरिएको छैन भने अर्कोतर्फ निजी वनमा उत्पादन गरिएका जडिबुटीको ओसार पसार गर्दा छोडपूर्जी लिनु नपर्ने व्यवस्था गरिएको भएपनि निजी वनको जडिबुटीलाई पनि वन पैदावारकै रुपमा गणना गर्दै उक्त जडिबुटी ओसार पसार गर्नुपूर्व वन कार्यालयबाट लगत प्रमाणित गराउनु पर्ने व्यवस्था गरिएको छ, जसले गर्दा खेति गरिएका जडिबुटी ओसार पसार र बिक्री वितरणमा कठिनाई उत्पन्न हुँदै आएको छ ।

### सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ (पहिलो संशोधन विधेयक २०७५)

यस विधेयकको दफा ३(३) र दफा ८(१) केही अपवादात्मक व्यवस्थाहरु गरिएको छ, जस अनुसार कुनै व्यक्तिले निजी जग्गामा प्राकृतिक रुपमा उम्रिएको लोपोन्मुख वनस्पति हुर्काउन, सो को नमूना उत्पादन गर्न, राख्न र प्रयोग गर्न सक्नेछ र यसरी लोपोन्मूख वनस्पति हुर्काउन, सो को नमूना उत्पादन गर्न, राख्न र प्रयोग गर्न अनुमति लिनुपर्ने छैन । यद्यपी, यी अपवादात्मक व्यवस्थाहरुमा निजी जग्गामा उत्पादित लोपोन्मूख वनस्पतिको रुपमा रहेका जडिबुटीहरुलाई खेतिजन्य जडिबुटीको रुपमा बिक्री वितरण र ओसार पसार गर्न पाइने बारेमा स्पष्ट व्यवस्था गरिएको छैन्, जसले गर्दा यी अपवादात्मक व्यवस्थाको प्रभावकारी उपयोगमा कठिनाईहरु रहेका छन् ।

## औद्योगिक व्यावसाय ऐन २०७३

> **औद्योगिक व्यावसाय ऐन २०७३**
> अनुसूची-४
> (दफा १५ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)
> कृषि तथा वन पैदावारमा आधारित उद्योग
>
> ९. जडिबुटी खेती, जडिबुटी प्रशोधन,
> १८. सामुदायिक, कबुलियति, साझेदारी र निजी वनको स्थापना र व्यवस्थापन,
> २४. अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित उत्पादन ।

औद्योगिक व्यावसाय ऐन २०७३ को दफा १५ अनुसार उद्योगको वर्गीकरण गर्दा कृषि तथा वन पैदावारमा आधारित उद्योगलाई एक महत्वपूर्ण उद्योगको रुपमा वर्गीकरण गरिएको छ, जस अनुसार कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित ऐनको अनुसूची-४ मा उल्लिखित उद्योगहरु कृषि तथा वन पैदावारमा आधारित उद्योगको रुपमा रहेका छन । उक्त ऐनको अनुसूची-४ अनुसार जडिबुटी खेतिलाई पनि एक

प्रकारको उद्योगको रुपमा लिइएको छ, जस अनुसार किसानले आफनो कृषि जमिनमा गर्दै आएको जडिबुटी खेतिबाट उत्पादित जडिबुटीहरु कृषिजन्य उत्पादनको रुपमा रहन्छन् भन्ने कुरालाई यस ऐनको अनुसूची ४ ले स्वीकार गरेको छ । ऐनले जडिबुटी खेतिलाई कृषि तथा वनजन्य उद्यमको रुपमा सूचीकृत गर्नु नै खेति गरी उत्पादन गरिएका जडिबुटीलाई कृषि उपजको रुपमा पनि मान्यता दिनु हो ।

## आर्थिक ऐन २०७५ (प्रत्येक वर्ष)

**आर्थिक ऐन २०७५**

मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ५(३) सँग सम्बन्धित
कर छुट हुने वस्तु तथा सेवाहरु

समूह १ : आधारभूत कृषि उत्पादनहरु

- वनस्पतिको गानो, गाठो, जरा
- झ्याउ, सुनाखरी र घाँसहरु
- केसर, तेजपात
- फूलको निमित्त मुख्यतः खेति गरिएका जडिबुटीका अन्य बीउहरु
- मुख्यतः सुगन्धित वस्तु बनाउने, औषधी बनाउने वा किटनाषक औषधी बनाउने वा यस्तै प्रयोजनका लागि प्रयोग हुने खालको , ताजा, चिस्याइएको, हिमीकृत वा सुकेको, काटिएको वा नकाटिएको, पिधेको वा नपिधेको वा धुलो पारिएको वा नपारिएको विरुवा वा विरुवाका अंगहरु (वीयाँ र फल समेत)

प्रत्येक वर्ष तर्जुमा गरिने आर्थिक ऐनमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ५ का आधारमा मूल्य अभिवृद्धि कर छुट हुने वस्तुहरुको सूची समावेश गर्ने गरिएको हुन्छ । मूल्य अभिवृद्धि कर छुट हुने वस्तुहरुको सूचीमा सबै भन्दा पहिलो सूचीमा आधारभूत कृषि उत्पादनहरु समावेश गरिएको हुन्छ । प्रत्येक आर्थिक वर्षका लागि तयार गरिदै आएको उक्त सूचीमा जडिबुटीजन्य वस्तुहरुलाई आधारभूत कृषि उत्पादनको रुपमा सूचीकृत गरी मूल्य अभिवृद्धि कर पूर्ण रुपमा छुट हुने व्यवस्था गरिदै आएको छ । यद्यपि, वन नियमावली २०५१ को अनुसूची ३ र २७ मा यी वस्तुहरुलाई कृषिजन्य जडिबुटीको रुपमा नराखी वनजन्य जडिबुटीको रुपमा राखिदै आएको छ । त्यसैले नेपालको आर्थिक ऐन र मूल्य अभिवृद्धि कर ऐन २०५२ सँग तालमेल गर्नका लागि पनि वन नियमावली २०५१ मा संशोधन गरी खेतिजन्य जडिबुटीहरुलाई कृषि उत्पादनको रुपमा सूचीकृत गर्नुपर्ने आवश्यकता रहँदै आएको छ ।

## सहकारी ऐन २०७४

नेपालको सहकारी ऐन २०७४ को दफा ९ मा गरिएको व्यवस्था अनुसार जडिबुटी खेतिसँग सम्बन्धित सहकारी संस्था वा सहकारी संघलाई विशिष्टकृत सहकारी संघको रुपमा मान्यता प्रदान गरिएको छ । त्यसैगरी उक्त ऐनको दफा १५ अनुसार कृषि तथा जडिबुटी खेति र वन पैदावारको उत्पादन, सञ्चय र प्रशोधनमा आधारित सहकारी संस्थाहरुको कार्यक्षेत्र निर्धारण गर्दा स्थानीय तहहरुको सिमानाले असर नगर्ने व्यवस्था गरिएको छ । यसरी सहकारी ऐनले पनि किसानको निजी वन वा कृषि जमिनमा जडिबुटी खेति गरिने र यसलाई सहकारीका माध्यमबाट प्रवर्द्धन गर्न सकिने कुरालाई विशेष महत्व प्रदान गरेको छ । त्यसैले किसानले खेति गरी उत्पादन गरेका खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्नुपर्ने अवस्था रहेको छ ।

त्यस्तै सहकारी ऐन २०७४ बमोजिम दर्ता भएको जडिबुटी सहकारी संस्थाले जडिबुटी खेति तथा प्रशोधन गरी प्राप्त गरेको आयमा आयकर नलाग्ने व्यवस्था गरिएको छ । यसरी आयकर छुटको प्रयोजनका लागि समेत जडिबुटी खेतिलाई महत्व दिइएकोले जडिबुटीको खेति हुने कुरालाई स्वीकार गरिएको छ र खेतिका माध्यमबाट उत्पादित जडिबुटीलाई कृषि उत्पादनको रुपमा मान्यता दिनुपर्ने हुन्छ ।

## गरिवी निवारण कोष ऐन, २०६३

गरिवी निवारण कोष ऐन २०६३ को दफा ६ अनुसार कृषि, स्थानीय श्रोत र कच्चा पदार्थको उत्पादन वृद्धिमा सहयोग पुर्‍याउने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ र उक्त व्यवस्था कार्यान्वयनका लागि गरिवी निवारण कोषले

खासगरी कृषि जमिनमा पनि जडिबुटी लगायतका गैरकाष्ठ वन पैदावार उत्पादन गर्ने प्रयोजनका लागि सहयोग उपलब्ध गराउन विभिन्न मार्गदर्शनहरुको तर्जुमा गरेको छ । यी मार्गदर्शनहरुले पनि गरिव किसानका कृषि जमिनमा उत्पादन गरिएका जडिबुटीहरुलाई कृषि उत्पादनको रुपमा लिएको छ ।

## गाउं/नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४

नेपालको संविधान बमोजिम स्थानीय सरकारहरुले अन्य विषयमा अतिरिक्त कृषि विकाससम्बन्धी नीति तथा कानूनको तर्जुमा गर्नुपर्ने भएकोले यस प्रयोजनका लागि तर्जुमा गरिएको गाउं/नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को अनुसूची १ मा सूचीकृत गरिएका कृषिजन्य कार्यहरु अन्तर्गत टिमुर र सबै किसिमका मसलाबालीहरुलाई कृषि उत्पादन तथा कृषिजन्य कार्यको रुपमा लिइएको छ । यसरी मसलाको रुपमा प्रयोग हुन सक्ने सबै किसिमका जडिबुटीलाई कृषि उत्पादन मानिने गरी स्थानीय तहले कानून तर्जुमा गरिसकेको अवस्थामा वन नियमावली २०५१ मा पनि सोही अनुसार संशोधन गरी मसलाबालीको रुपमा रहने सबै जडिबुटीलाई वनजन्य जडिबुटीको सूचीबाट हटाई कृषिजन्य जडिबुटीको रुपमा रहने व्यवस्था गरी खेति गरिएका मसलाजन्य जडिबुटीको संकलन, ओसार पसार र विक्री वितरणका लागि इजाजतपत्र, छोडपूर्जी र लगत प्रमाणीत गर्ने प्रावधान लागु नहुने व्यवस्था गर्नुपर्ने अवस्था रहेको छ ।

## बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५५(५) कार्यान्वयन गर्ने क्रममा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन नं. १७/०७४ बमोजिम बैंकबाट इजाजतपत्र प्राप्त “क”, “ख” र “ग” वर्गका बैक तथा वित्तीय संस्थाहरुले तोकिएका उत्पादनशील क्षेत्रमा आफ्नो कुल कर्जा तथा सापटको न्युनतम क्रमशः २० प्रतिशत, १५ प्रतिशत र १० प्रतिशत कर्जा प्रवाह गर्नु पर्ने व्यवस्था गरिएको छ भने “क” वर्गको वाणिज्य बैंकहरुले यसमध्ये कृषि र उर्जा क्षेत्रमा कुल कर्जा लगानीको न्युनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्ने व्यवस्था गरिएको छ । उक्त निर्देशनमा कृषि क्षेत्रलाई परिभाषित गर्ने क्रममा नगदेवाली तथा पुष्पखेतिका सातै वन क्षेत्रलाई पनि कृषि क्षेत्रमा नै समेटिएको छ । त्यसैले वन पैदावारका साथै कृषिजन्य जडिबुटी पनि स्वतः कृषि क्षेत्र अन्तर्गत पर्ने भएकोले जडिबुटी खेति तथा प्रशोधनका लागि पनि बैंक तथा वित्तीय संस्थाहरुबाट सरल रुपमा कर्जा उपलब्ध गराउनु पर्ने हुन्छ ।

## युवाहरुलाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि २०७१

अर्थ मन्त्रालयद्दारा तर्जुमा गरिएको यस कार्यविधिको अनुसूची १ अनुसार जडिबुटी उत्पादन, प्रशोधन र भण्डारणलाई कृषि व्यावसायको रुपमा परिभाषित गरिएको छ र सोही अनुसार जडिबुटी उत्पादन, प्रशोधन र भण्डारण गर्ने कार्यका लागि युवाहरुलाई उपलब्ध गराईने व्यावसायिक कृषि कर्जामा लाग्ने व्याजमा अनुदान दिने व्यवस्था गरिएको छ । यसरी जडिबुटी उत्पादन, प्रशोधन र भण्डारणलाई कृषि कार्यको रुपमा गणना गर्नुले कृषि जमिनमा गरिदै आएको खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्न थप टेवा पुगेको देखिन्छ ।

## व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि २०७३

मन्त्रीपरिषद्द्वारा स्वीकृत यस कार्यविधि अनुसार व्यावसायिक कृषि तथा पशुपन्छी व्यावसायका लागि प्रवाह गरिने कर्जामा नेपाल सकारले ५ प्रतिशत व्याज अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । यस्ता कृषि व्यावसाय अन्तर्गत किसानले कृषि जमिनमा गर्ने जडिबुटी खेतिलाई पनि समेटिएको छ । त्यसैले यस कार्यविधि अन्तर्गतको सुविधा प्राप्तिका लागि पनि किसानले आफनो कृषि जमिनमा गर्दै आएको जडिबुटी खेति र सोको उत्पादनलाई कृषि उपजको रुपमा नै गणना गर्नुपर्ने हुन्छ । बैक तथा वित्तिय संस्थाले कृषि क्षेत्रका लागि प्रवाह गर्ने ऋण प्राप्तिका लागि किसानका कृषि जमिनमा गरिएको जडिबुटी खेतिबाट प्राप्त उपजलाई कृषि उपजको रुपमा लिइने व्यवस्था गर्नुपर्ने आवश्यकता भइसकेको छ ।

## जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१

यस नीतिमा उल्लिखित विभिन्न कार्यनीतिहरु मध्ये निम्न कार्यनीतिहरु किसानको निजी वन तथा कृषि जमिनमा खेति गरिने जडिबुटीसँग सम्बन्धित रहेका छन् :

- ४. निजी क्षेत्रमा खेती गरिएका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको क्षेत्रफल लगायतका विवरण खोली जिल्ला वन कार्यालयमा दर्ता गर्न सक्ने व्यवस्था मिलाइनेछ ।
- २८. कृषियोग्य भूमिमा अन्तरवाली प्रणाली अन्तर्गत कृषिबालीको साथसाथै जडीबुटी खेती गर्ने कार्यमा कृषकहरूलाई प्रोत्साहित गर्नुको साथै यसको लागि उनीहरूलाई आवश्यक पर्ने प्राविधिक ज्ञान र सल्लाह समेत उपलब्ध गराइनेछ ।

यी कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयन गरिएको खण्डमा कृषकहरुले कृषि जमिनमा खेति गरी कृषिजन्य वस्तुको रुपमा उत्पादन गर्ने जडिबुटीले कृषि उपजको रुपमा मान्यता पाउन सक्दछन् ।

## वन दशक कार्यक्रमको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

यस कार्यविधिमा खासगरी निजी वन विकास कार्यक्रम अन्तर्गत किसानको निजी वन तथा कृषि जमिनमा खेति तथा वृक्षारोपण गरी उत्पादन लिन सकिने विशेष महत्वका मुख्यतया: वौधिचित्त, लौठसल्ला, रुद्राक्ष, तेजपात, लप्सी, टिमुर र श्रीखण्डको वृक्षारोपण र खेतिका लागि अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको छ । यी वनस्पतिबाट मुख्य रुपमा फल र पातको उत्पादन हुने भएकोले यस्ता उत्पादनलाई कृषि उपजको रुपमा मान्यता प्रदान नगर्दासम्म किसानले उत्पादन गर्न र विक्री वितरण गर्न नसक्ने भएकोले वन दशकको उद्धेश्य प्राप्तिका लागि पनि यी खेजिन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्नुपर्ने हुन्छ ।

## कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत वन तथा वातावरण मन्त्रालयले कार्यान्वयन गर्नेगरी तर्जुमा गरिएको यस कार्यविधिको मुख्य उद्देश्य फल दिने जातका जडिबुटीको रुख विरुवाहरु (जस्तै : (रिट्ठा, अमला, पिपला, टिमुर, सिल्टीमुर, बेल, लप्सी, रुद्राक्ष, बोधिचित्त, चीउरी आदि) लाई कृषि वनको रुपमा विकास र प्रवर्द्धन गर्नु रहेको छ । यस निर्देशिकाले पनि कृषि जमिनमा उमारिएका जडिबुटी जातका रुख विरुवाहरुबाट प्राप्त भएका फलहरुलाई पनि कृषि उपजको रुपमा लिएको छ । त्यसैले यो कार्यविधि लगायत कृषि वनसम्बन्धी कुनैपनि नीति तथा कानूनमा कृषि जमिनमा उमारिएका जडिबुटी जातका रुख विरुवाहरुबाट प्राप्त भएका फलहरुलाई पनि कृषि उपजको रुपमा मान्यता दिने व्यवस्था गर्नुपर्ने हुन्छ ।

## निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि २०७०

यस कार्यविधि अनुसार प्रशोधित जडिबुटी तथा सारयुक्त तेल निर्यात गर्दा २ प्रतिशत र जडिबुटी निर्यात गर्दा १ प्रतिशत नगद प्रोत्साहन प्रदान गर्ने व्यवस्था गरिएको छ । यसका साथै यस कार्यविधिमा निर्यातमा नगद प्रोत्साहन प्राप्त गर्ने निर्यात प्रवर्द्धन गृहले प्राप्त गरेको नगद प्रोत्साहनको न्यूनतम् ५० प्रतिशत उत्पादकहरुलाई दिनु पर्नेछ भन्ने व्यवस्था गरिएको भएपनि कृषि भूमिमा खेति गरी उत्पादन गरिएका जडिबुटीलाई कृषिजन्य उत्पालनको रुपमा नलिइएइकोले उत्पालक किटान हुन नसक्ने भएकोले उक्त ५० प्रतिशत नगद प्रोत्साहन उत्पादकले पाउन सकिरहेका छैनन् ।

| निर्यातमा नगद प्रोत्सहान प्रदान गरिने औद्योगिक वस्तुको नाम र प्रतिशत | |
|---|---|
| उत्पादनको नाम | नगद प्रोत्हान प्रतिशत |
| प्रशोधित जडिबुटी तथा सारयुक्त तेल | २ प्रतिशत |
| जडिबुटी | १ प्रतिशत |

## नेपाल व्यापार एकिकृत रणनीति (NTIS, 2016)

यस रणनीतिमा औषधीजन्य र सुगन्धित वनस्पतिको रुपमा रहेका जडिबुटीलाई निर्यातका लागि प्राथमिकता प्राप्त कृषिजन्य उत्पादनको रुपमा गणना गर्दै यस्ता खेतिजन्य जडिबुटीको रुपमा रहेका कृषि उपाजको निर्यातका लागि विभिन्न रणनीति अवलम्बन गर्ने व्यवस्था गरेको छ । यस रणनीतिमा औषधीजन्य र सुगन्धित वनस्पतिको रुपमा रहेका जडिबुटीको खेति गर्ने कार्यलाई प्रोत्साहन गर्ने रणनीति र यसका लागि खेति गरिएका जडिबुटीको लागि अलग्गै कार्यविधि र योजना बनाउने क्रियाकलपाहरु प्रस्ताव गरिएको छ । यद्यपि, हालसम्म उक्त रणनीति अनुसार खेतिजन्य जडिबुटीको परिचालनका लागि अलग्गै कार्यविधि तर्जुमा हुन सकेको छैन, त्यसैले उक्त कार्यविधि तथा निर्देशिका तर्जुमा गर्नु आवश्यक छ ।

## वाणिज्य नीति, २०७२

जडिबुटीमा आधारित वस्तुहरुको व्यापार तथा निकासी प्रवर्द्धनका लागि वाणिज्य नीतिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यद्यपि, यस नीतिमा तुलनात्मक लाभका वस्तुको रुपमा रहेको जडिबुटीको उत्पादनमा प्रयाप्त महत्व दिइएको देखिदैन । यस नीतिमा तुलनात्मक र प्रतिस्पर्धी लाभका वस्तुहरूको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी निर्यात प्रवर्द्धन गर्ने र यसका लागि निर्यातयोग्य कृषि तथा जडिबुटीको रुपमा रहेका वनजन्य वस्तुहरूको संकलन एवं प्रशोधन गरी निर्यात अभिवृद्धि गर्न प्रशोधन केन्द्रहरू स्थापना गर्न सहयोग पुर्‍याइने रणनीतिहरु उल्लिखित छन् । कृषि जमिनमा जडिबुटी उत्पादनलाई महत्व नदिई प्रशोधन केन्द्रहरु खोल्ने मात्र रणनीत अवलम्बन गर्नुले वाणिज्य नीतिको लक्ष्य हासिल गर्नमा कठिनाई हुन सक्छ ।

## कृषि विकास रणनीति (२०१५-२०३५)

समग्र ग्रामीण समुदायहरूको जीविकोपार्जनमा पर्ने तुलनात्मक प्रभावका दृष्टिले सुविधाविहीन, पिछडिएका तथा एक्लिएका पहाडी क्षेत्रका किसानले आफ्नो कृषि जमिनमा गर्दै आएको जडिबुटी खेतिलाई कृषि क्षेत्रका नीतिहरुले वेवास्ता गर्दै आएकोले कृषि विकास रणनीतिले सो अन्तर्गतका विशिष्ट कार्यक्रमहरू मार्फत् खेतिजन्य जडिबुटीको उत्पादनलाई विशेष सहयोगी कृषि उपजको रूपमा समेटिने प्रतिवद्धता जनाएको छ । यसका लागि उक्त रणनीतिले कृषि विकास सम्बन्धी परियोजनामा कृषि र वन तथा जमिन र पानी बीचको सम्बन्धलाई सम्बोधन गर्दै वन तथा वातावरण मन्त्रालय र कृषि विकास मन्त्रालयले साझेदारी गरेर कृषि जमिनमा जडिबुटी खेति र तिनीहरुको ब्यबसायिक प्रयोगको प्रवर्द्धन गर्नु पर्ने सुझाव प्रस्ताव गरुको छ । । त्यस्तै यस रणनीतिले वन उद्यमको विकासको लागि आवश्यक पर्ने जडिबुटी खेति तथा उत्पादन र कृषि वनका विषयमा पनि स्पष्ट कार्यदिशा तय गर्नुपर्ने कुरा औल्याएको छ ।

## कृषि, पशुपंछी, भूमी व्यवस्था र सहरकारी क्षेत्रको रुपान्तरण मार्गचित्र २०७५ (कार्यान्वयन कार्ययोजना)

यस मार्गचित्रमा कृषि भूमिमा खेति गरिदै आएका जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्नका लागि स्पष्ट कार्ययोजना नबनाइएको भएपनि कृषि जमिनमा उत्पादित जडिबुटीबाट उत्पादित् सुगन्धित तेलको निर्यातलाई प्रवर्द्धन गर्ने कार्ययोजना बनाएको छ, जसको प्रभावकारी कार्यान्वयनको लागि कृषि जमिनमा उत्पादित जडिबुटीलाई महत्वपूर्ण कृषि उपजको रुपमा लिई कच्चा पदार्थ आपूर्तिको एक महत्वपूर्ण आधार बनाउनु आवश्यक हुन्छ ।

## आर्थिक वर्ष २०७५-७६ को बजेट वक्तव्य

जडिबुटीका सन्दर्भमा नेपाल सरकारको यस आर्थिक वर्षको नीति तथा कार्यक्रमको मुख्य विशेषता अन्तर्गत सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा जडिबुटीमा आधारित उद्योग स्थापना गरिने, जडिबुटीको संकलन र प्रशोधन सहकारी मार्फत गर्ने व्यवस्था मिलाईने, सम्भाव्य प्रदेशहरुमा सरकारी र निजी क्षेत्रको सहभागितमा न्यूनतम् एक

जडिबुटी प्रशोधन केन्द्र सथापना गर्न बजेट विनियोजन गर्ने रहको छ । यद्यपि, यसका लागि एकातर्फ जडिबुटीको उत्पादनका लागि स्पष्ट नीति समावेश गरिएको छैन् भने अर्कोतर्फ जडिबुटी उत्पादनमा मुख्य भूमिका निर्वाह गर्दै आएका ग्रामिण साना किसान र वन उपभोक्ता समूहको भूमिका बारे कुनै नीतिगत अवधारणा उल्लिखित छैन । यद्यपि, नेपाल सरकारको उक्त नीति तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी व्यय अनुमान (रेडबुक) मा उल्लिखित *जडिबुटी विकास कार्यक्रम, नेपाल व्यापार एकिकृत रणनीति र वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम* अन्तर्गत विभिन्न शिर्षकमा जडिबुटी खेतिका सहयोग उपलब्ध गराउने कार्यक्रम समावेश गरिएको छ, जसले गर्दा कृषि जमिनमा जडिबुटी खेति गर्न चाहने केही किसानहरु लाभान्वीत हुन सक्दछन् । यद्यपि, किसानका निजी वन तथा कृषि जमिनका खेति गरी उत्पादन गरिएका जडिबुटीहरुलाई कृषि उपजको रुपमा मान्यता नदिएसम्म जडिबुटी खेति गर्ने किसानहरुले फाईदा पाउन नसक्ने र उद्योगी व्यवसायीले पनि खेतिजन्य जडिबुटीमा सहज पहुँच नपाउने अवस्था रही रहन्छ ।

## ५. खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्नुपर्ने कारण र विकल्पहरु

**जडिबुटीको संकलन इजाजतपत्र र छोडपूर्जी :** कृषि जमिनमा खेति गरी उत्पादन गरिएका कृषिजन्य जडिबुटीहरु र वन नियमावली २०५१ को नियम ६२(४ग) बमोजिम छोडपूर्जी लिन नपर्ने गरी अनुसूची २७ मा सूचीकृत गरिएका जडिबुटीहरुलाई पनि वन नियमावली २०५१ को अनुसूची ३ मा वनजन्य जडिबुटीको रुपमा सूचीकृत गरिएको छ । त्यसैले कृषिजन्य जडिबुटी पनि वन नियमावली २०५१ को अनुसूची ३ अन्तर्गत सूचिकृत भएको कारण यस्ता जडिबुटीको संकलन र ओसार पसारका लागि संकलन इजाजतपत्र र छोडपूर्जी समेत लिनुपर्ने अवस्था रहेको छ । यसरी कृषि जमिनमा खेति गरी उत्पादन गरिएका जडिबुटी र वन क्षेत्रबाट संकलन गरिएका जडिबुटीको विक्री वितरण र ओसार पसारका लागि एकै प्रकृतिको नियम लागु हुने व्यवस्था गर्नुले कृषिजन्य जडिबुटीको उत्पादन, संकलन र ओसार पसारमा कठिनाई सिर्जना हुँदै आएको छ । त्यसैले कृषि जमिनमा खेति गरी उत्पादन गरिएका जडिबुटीलाई कृषि उपज सरह मान्यता प्रदान गरी यस्ता जडिबुटीको उत्पादन, संकलन र ओसार पसारमा वन नियमावलीका व्यवस्था लागु नहुने कानूनी व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ । यसका लागि वन नियमावली २०५१ को निजी वनसम्बन्धी परिच्छेदमा एउटा अलग्गै व्यवस्था गरी सोही अनुसार कृषिजन्य जडिबुटीसम्बन्धी अलग्गै अनुसूची बनाउन सकिन्छ । यसका साथै वन नियमावली अन्तर्गत खेतिजन्य जडिबुटी सम्बन्धी विशेष निर्देशिका वा कार्यविधिको तर्जुमा गर्न पनि सकिन्छ ।

**जडिबुटीको लगत प्रमाणित :** वन नियमावली २०५१ को पाँचौं संशोधन (२०७२) गरी नियम ६२ मा निम्न व्यवस्था थप गरिएको थियो :

- (४ख) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेद बमोजिम दर्ता नभएको निजी वन धनीले त्यस्तो निजी वनमा रहेका अनुसूची-२७ बमोजिमका जडिबुटी वा अन्य वन पैदावार छोडपूर्जि नलिई ओसार पसार गर्न सक्नेछ ।
- (४ग) उपनियम (४क) र (४ख) बमोजिम काठ दाउरा, जडीबुटी वा अन्य वन पैदावार ओसार पुसार गर्दा सम्बन्धित जिल्ला वन कार्यालय वा सो कार्यालयको कार्यक्षेत्रभित्रको इलाका वन कार्यालयबाट काठ दाउराको हकमा अनुसूची-२८ बमोजिम र जडीबुटी वा अन्य वन पैदावारको हकमा अनुसूची-२९ बमोजिम लगत प्रमाणित गराउनु पर्नेछ ।

नेपालमा लगभग विभिन्न २५ किसिमका जडिबुटीहरुको कृषि जमिनमा खेति गरी उत्पादन र विक्री वितरण गरिदै आएको कुरा अनुभव र अध्ययन अनुसन्धानले पुष्टि गरेको छ, यद्यपि, वन नियमावली २०५१ को नियम ६२

[2] १. रिठ्ठा २. लप्सी ३. रुद्राक्ष ४. अमला ५. बोधिफल/बोधिचित्त ६. चिउरी ७. टिमुर ८. तेजपात ९. चिराइतो १०. कुरिलो/सतावरी ११. सिल्टीमुर १२. बेल १३. मसलाको पात ।

अन्तर्गतको अनुसूची २७ मा जम्मा १३ किसिमका जडिबुटीको मात्र छोडपूर्जी विना ओसार पसार गर्न सकिने व्यवस्था गरिएको छ। बाँकी १२ किसिमका खेतिजन्य जडिबुटीहरु लाई उक्त अनुसूची २७ मा समावेश गरिएको छैन्, जसको ओसार पसार गर्दा वनजन्य जडिबुटी सरह संकलन इजाजतपत्र र छोडपूर्जी लिनु पर्ने हुन्छ, जुन कार्य व्यावहारिक रुपमा नमिल्दो र राज्यको जडिबुटी खेति प्रवर्द्धनसम्बन्धी नीतिगत अवधारणासँग तालमेल खाएको देखिदैन। त्यसैले वन नियमावली २०५१ को अनुसूची २७ मा संशोधन गरी खेतिजन्य जडिबुटीको रुपमा रहेका थप १२ वटा खेतिजन्य जडिबुटीहरु पनि छोडपूर्जी नलिई ओसार पसार गर्न पाइने सूचीमा समावेश गर्नु आवश्यक रहेको छ।

वन नियमावली २०५१ को अनुसूची २७ मा समावेश गरिएका १३ वटा जडिबुटी ओसार पसार गर्दा छोडपूर्जी नचाहिने व्यवस्था गरिएको भएपनि वन नियमावली २०५१ को नियम ६२(४ग) मा गरिएको व्यवस्था अनुसार अनुसूची २७ मा समावेश भएका जडिबुटी ओसार पसार गर्दा सम्बन्धित वन कार्यालयबाट अनुसूची २९ बमोजिम लगत प्रमाणित गराउनु पर्ने व्यवस्था गरिएको छ र लगत प्रमाणित गराउने कार्य र छोडपुर्जी लिने कार्यका बीचमा खासै भिन्नता रहेको छैन, किनकी लगत प्रमाणित गराउँदा पनि वनजन्य जडिबुटी सरह सिल गर्नुपर्ने, लगत तयार गर्ने र लगत प्रमाणित गर्ने काम अलग अलग कर्मचारीले गरी लगत प्रमाणित गराउनु पर्ने लगायत निम्न कार्यहरु समेत गर्नुपर्ने व्यवस्था गरिएको छ :

- लगत प्रमाणित गराएको जडिबुटी तथा गैरकाष्ठ वन पैदावार नेपालभित्र मात्र ओसार पसार गर्न सकिने।
- लगत प्रमाणित गराएको कागजात बाटोमा पर्ने वन चेकेपोष्टहरुले दरपिठ गरी छाडिदिनु पर्ने।
- लगत प्रमाणित फारमको प्रतिलिपिहरु वन कार्यालयहरुमा राख्नु पर्ने।

यसरी अनुसूची २७ मा समावेश गरिएका जडिबुटीहरु दर्ता नभएको निजी वन धनीले ओसार पसार गर्न छोडपूर्जि लिनु नपर्ने व्यवस्था गरिएको भएपनि नियम नियम ६२(४ग) अनुसार वन कार्यालयबाट लगत प्रमाणित गराउनु पर्ने व्यवस्था गरिएका कारण कठिनाई उत्पन्न भएकोले अनुसूची २७ मा उल्लिखित ओसार पसार गर्न छोडपुर्जी लिनु नपर्ने खेतिजन्य जडिबुटी ओसार पसारका लागि लगत प्रमाणित गर्ने व्यवस्था हटाउनु पर्ने आवश्यकता रहेको छ।

**जडिबुटीको राजस्व :** वन नियमावली २०५१ को अनुसुची ६ मा समावेश गरिएका गैरकाष्ठ वन पैदावारहरुको प्रचलित कानून बमोजिम कुनै एक सरकारी निकायमा एक पटक राजस्व तिरिसकेको भए सो को लागि दाहोरो राजस्व नलिइने व्यवस्था गरिएको छ। वन नियमावली २०५१ को अनुसूची ३ मा समावेश गरिएका जडिबुटी र अनुसूची २७ मा समावेश गरिएका खेतिजन्य जडिबुटीको सन्दर्भमा भने यस्तो व्यवस्था गरिएको छैन, जसले गर्दा दोहोरो राजस्व तिर्नुपर्ने अवस्था रहँदै आएको छ। त्यसैले अनुसूची २७ हाल समावेश भएका र भविष्यमा समावेश गरिने कृषिजन्य जडिबुटीका सन्दर्भमा उक्त जडिबुटीहरुलाई कृषि उपज सरह मानी राजस्व लिने व्यवस्था हटाउनु पर्ने आवश्यकता रहेको छ।

**जडिबुटीमा स्थानीय कर :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ बमोजिम स्थानीय सरकारले वनजन्य जडिबुटीको व्यावसायिक उपयोगमा कर लगाउने व्यवस्था गरिएको भएपनि उक्त ऐनमा किसानको कृषि जमिनमा उत्पादित् कृषिजन्य उपजमा कृषि कर लगाउने व्यवस्था रहेको छैन। वन नियमावली २०५१ को अनुसूची ३, ६ र २७ मा सूचीकृत गरिएका जडिबुटीहरु मध्ये खेतिजन्य जडिबुटीको रुपमा रहेका जडिबुटीलाई कृषि उपजको रुपमा सूचीकृत नगर्दासम्म वनजन्य जडिबुटी सरह नै स्थानीय कर लाग्ने अवस्था रही रहन्छ। त्यसैले वन नियमावली २०५१ को अनुसूची २७ मा समावेश भएका र समावेश हुन बाँकी खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा सूचीकृत गरिएको अवस्थामा मात्र यस्ता कृषिजन्य जडिबुटीहरु स्थानीय करको झमेलाबाट मुक्त भई जडिबुटी खेति गर्ने किसान र खेतिजन्य जडिबुटीमा आधारित उद्योगी व्यावसायीलाई पनि सहज हुन जान्छ।

---

[3] Nepal Business Forum, 2017, Export Promotion and Business Facilitation Working Group, Kathmandu; GoN/MoC, 2016. Nepal Trade Integration Strategy 2016: Executive Summary and Action Matrix. Kathmandu: Government of Nepal, Ministry of Commerce

[4] *बोझो, सर्पगन्धा, कचुर, केसर, अतिस, घ्यूकुमारी, तुलसी, क्यामोमाइल, मेन्था, र लेमनग्रास - सिट्रोनेला - पामारोजा*

**जडिबुटी प्रशोधन उद्योग स्थापनाका लागि सहमति र दुरी प्रमाणित :** नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।५।१६ को निर्णय अनुसार मिति २०७१।६।६ मा उद्योग मन्त्रालयबाट राजपत्रमा प्रकाशित सूचना अनुसार वन पैदावारमा आधारित उद्योग र वन क्षेत्रबीच निश्चित् दुरी कायम गर्नुपर्ने हुन्छ, जस अनुसार कृषिजन्य जडिबुटीलाई पनि वन पैदावारको रुपमा गणना गरी यस्ता जडिबुटीको प्रशोधन उद्योग स्थापना गर्दा उच्च एवं मध्य पहाडी क्षेत्रमा वन क्षेत्रबाट ०.५ किमी टाढा र चुरे, भित्री मधेश तथा तराई क्षेत्रमा वन क्षेत्रबाट १ किमी टाढा स्थापना गर्नुपर्ने व्यवस्था गरिएको छ । कृषि जमिनमा उत्पादन गरिएका खेतिजन्य जडिबुटीलाई पनि वन नियमावली २०५१ को अनुसूची ३, ६ र २७ बमोजिम वन पैदावार मानिदै आएकोले खेतिजन्य जडिबुटीको प्रशोधन उद्योग स्थापना गर्दा पनि उद्योग र वन क्षेत्रका बीच उक्त उक्त दुरी कायम गर्नुपर्ने हुन्छ । त्यसैगरी खेतिजन्य जडिबुटीलाई पनि वन पैदावार मानिदै आएकोले खेतिजन्य जडिबुटीमा आधारित उद्योग स्थापना गर्दापनि उद्योग दर्ता गर्नुपूर्व वन कार्यालयको अनुमति लिनु पर्ने व्यवस्था गरिएको छ । त्यसैले खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान नगरी वन पैदावारको रुपमा मात्र गणना गर्दासम्म यी कठिनाई तथा समस्याहरु समाधान हुने अवस्था रहेको छैन ।

**ऋण तथा व्याज अनुदान :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम विपन्न वर्ग तथा तोकिएका उत्पादनशील क्षेत्रमा प्रवाह गर्नूपर्ने कर्जा सम्बन्धी व्यवस्थाका बारेमा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन नं. १७/०७४ बमोजिम बैंकबाट इजाजतपत्र प्राप्त “क”, “ख” र “ग” वर्गका बैक तथा वित्तीय संस्थाहरुले तोकिएका उत्पादनशील क्षेत्रमा आफ्नो कुल कर्जा तथा सापटको न्युनतम क्रमशः २० प्रतिशत, १५ प्रतिशत र १० प्रतिशत कर्जा प्रवाह गर्नु पर्ने व्यवस्था गरिएको छ भने “क” वर्गको वाणिज्य बैंकहरुले यसमध्ये कृषि र उर्जा क्षेत्रमा कुल कर्जा लगानीको न्युनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्ने व्यवस्था गरिएको छ । उक्त निर्देशनमा कृषि क्षेत्रलाई परिभाषित गर्ने क्रममा नगदेवाली तथा पुष्पखेतिका साथै वन क्षेत्रलाई पनि कृषि क्षेत्रमा नै समेटिएको छ । त्यसैले वन पैदावारका साथै कृषिजन्य जडिबुटी पनि स्वतः कृषि क्षेत्र अन्तर्गत पर्ने भएकोले जडिबुटी खेति तथा प्रशोधनका लागि पनि बैंक तथा वित्तीय संस्थाहरुबाट सरल रुपमा कर्जा उपलब्ध हुनु पर्ने हो । यद्यपि, वन क्षेत्रका कानूनहरुले खेतिजन्य जडिबुटीलाई पनि वन पैदावारको रुपमा गणना गरेकोले बैंक तथा वित्तीय संस्थाले कृषिजन्य जडीबुटी उत्पादन तथा प्रशोधन उद्योगलाई सरल रुपमा कर्जा प्रवाह गर्न हिचकिचाउने गरेका छन् ।

**स्वस्थता प्रमाणपत्र :** विरुवा संरक्षण ऐन, २०६४ को दफा १२ बमोजिम बिरुवा, बिरुवाजन्य उपज, बायोलोजिकल कण्ट्रोल एजेण्ट वा लाभदायक कीरा निकासी वा पुनः निकासी गर्न चाहने व्यक्ति वा संस्थाले स्वस्थता प्रमाणपत्र लिनु पर्ने व्यवस्था गरिएको छ । यसका लागि दिइएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा स्वस्थता प्रमाणपत्र दिन उपयुक्त देखिएमा प्लाण्ट क्वारेन्टाइन चेकपोष्ट वा क्वारेन्टाइन कार्यालयले स्वस्थता प्रमाणपत्र वा पुनः निकासी स्वस्थता प्रमाणपत्र दिनु पर्ने हुन्छ । बिरुवा संरक्षण नियमावली, २०६६ को नियम ८(१)(ख) अनुसार स्वस्थ्यता प्रमाणपत्र लिनका लागि पेश गर्नुपर्ने कागजातहरु अन्तर्गत निकासी गरिने वस्तुको उत्पत्तिको प्रमाणपत्रका साथै ***वन पैदावार भए वन विभागबाट जारी भएको छोडपूर्जी*** समेत पेश गर्नुपर्ने हुन्छ । किसानले कृषि भूमिमा उत्पादन गरेका खेतिजन्य जडिबुटीलाई पनि वन पैदावारको रुपमा लिइदै आएको हुनाले यस्ता जडिबुटी वा सोमा आधारित वस्तु निकासीका लागि स्वस्थता प्रमाणपत्र लिने क्रममा अतिरिक्त कागजातका रुपमा वन विभागबाट जारी भएको छोडपूर्जी पेश गर्नुपर्ने व्यवस्थाले गर्दा खेतिजन्य जडिबुटी वा सोमा आधारित वस्तु निर्यात गर्ने उद्योगी व्यावसायी तथा निर्याकर्ताहरुले अतिरिक्त झमेला र कठिनाई भोग्दै आउनु परेको छ । त्यसैले यो समस्या समाधानका लागि पनि खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा लिइने व्यवस्था गर्नु आवश्यक छ ।

**निकासी अनुमति तथा सिफारिस :** भन्सार ऐन २०६४ को दफा १८(१) बमोजिम मालवस्तु निकासी वा पैठारी गर्न चाहने व्यक्तिले प्रज्ञानपत्र साथ विभिन्न कागजातहरु पेश गर्नुपर्ने व्यवस्था गरिएको छ । जस अनुसार भन्सार नियमावली २०६४ को नियम २१ बमोजिम मालवस्तु निकासी वा पैठारी गर्न चाहने व्यक्तिले प्रज्ञानपत्र साथ प्रचलित कानून बमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिने भएमा त्यस्तो कागजात पनि पेश गर्नुपर्ने व्यवस्था गरिको छ । खेतिजन्य जडिबुटीलाई वन पैदावारको रुपमा गणना गर्ने व्यवस्था रहेको र वनसम्बन्धी प्रचलित कानूनको रुपमा रहेको वन नियमावली २०५१ को नियम १३(१) मा कुनै व्यक्तिले उक्त नियमावली बमोजिम संङ्कलन गरेको वा प्राप्त गरेको वन पैदावारमध्ये विदेश निकासीमा प्रतिबन्ध लगाएको वन पैदावार बाहेक अन्य वन पैदावार विदेश निकासी गर्न निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले विदेश निकासी गर्ने अनुमतिका लागि

सम्बन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्नेछ भन्ने व्यवस्था गरिएका कारण खेतिजन्य जडिबुटी वा सोमा आधारित वस्तु निकासी गर्ने क्रममा वन कार्यालयको सिफारिस पेश गर्नुपर्ने आवश्यकता हुन्छ, जसले गर्दा खेतिजन्य जडिबुटी वा सोमा आधारित वस्तु निकासीकर्ता उद्योगी व्यवसायीहरुले यस्तो अतिरिक्त दस्तावेज जुटाउने क्रममा समस्या व्यहोर्नुका साथै बढी स्रोत साधान र समय खर्च गर्नुपर्ने अवस्था रहको छ । त्यसैले खेतिजन्य जडिबुटीलाई वन पैदावारको सूचीबाट हटाई कृषिजन्य उपजको रुपमा गणना गर्ने व्यवस्था गरिएमा यो समस्या समाधानका लागि मद्धत मिल्न सक्छ ।

वनजन्य जडिबुटीको रुपमा सूचीकृत भएका वन पैदावार निकासी गर्दा वन कार्यालय लगायतका विभिन्न निकायहरुबाट सिफारिस लिनु पर्ने, विभिन्न निकायमा थप दस्तुर तथा शुल्क तिर्नु पर्ने र प्रमाणीकरणका जटिल प्रक्रियाहरु पुरा गर्नुपर्ने भएकोले वनजन्य जडिबुटी र सोमा आधारित वस्तु निकासीमा अनेकौ समस्या विद्यमान रहेका छन् । त्यसैले वनजन्य जडिबुटी र कृषिजन्य जडिबुटीलाई अलग अलग रुपमा सूचीकृत गर्ने व्यवस्था गरी कृषिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गरी यस्ता कृषिजन्य जडिबुटी र सोमा आधारित वस्तु निर्यात गर्दा कृषि वस्तुको हकमा लागु हुने नियम मात्र लागु गर्ने व्यवस्था गरिएको खण्डमा कृषिजन्य जडिबुटी र सोमा आधारित वस्तुहरुको निकासी वृद्धि भई आर्थिक समृद्धिमा टेवा पुग्न जान्छ ।

## ६. निष्कर्ष

किसानले आफनो कृषि जमिनमा खेतिजन्य जडिबुटीको उत्पादनलाई महत्व दिदै आएका छन् र यसबाट खेतिजन्य जडिबुटीमा आधारित उद्योग व्यावसायका लागि कच्चा पदार्थको आपूर्तीमा सहजता हुँदै आएको छ । नेपाल सरकारका विभिन्न नीतिगत व्यवस्था र कार्यविधिहरुमा पनि किसानको कृषि जमिनमा गरिने खेतिजन्य जडिबुटीको उत्पादन, विक्री वितरण र आपूर्तिलाई सहज बनाउन विभिन्न उत्प्रेरणात्मक व्यवस्थाहरु गरिएका छन् । यद्यपि यसरी कृषि जमिनमा उत्पादन गरिएका खेतीजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्ने स्पष्ट कानूनी व्यवस्थाको अभाव रहेको र वन नियमावली २०५१ को अनुसूची ३, ६ र २७ मा सूचीकृत गरिएका जडिबुटीलाई वनजन्य जडिबुटीको रुपमा लिई वन पैदावार परिचालनसम्बन्धी कानूनी प्रक्रिया अवलम्बन गरेर मात्र संकलन, ओसार पसार, प्रशोधन, उपयोग र निर्यात गर्नुपर्ने भएकोले माथि उल्लिखित विभिन्न कठिनाई उत्पन्न हुँदै आएका छन् । खेतिजन्य जडिबुटी परिचालनमा सिर्जित यी समस्याहरु सम्बोधनका लागि वन नियमावली २०५१ को अनुसूची २७ मा संशोधन गरी सबै किसिमका खेतिजन्य जडिबुटीहरु उक्त अनुसूचीमा समावेश गरी उक्त जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्ने र उक्त नियमावलीको नियम ६२(४ग) र अनुसूची २९ संशोधन गरी ओसार पसार गर्दा लगत प्रमाणित गर्ने व्यवस्थाको सट्टामा स्थानीय तहमा कृषिजन्य जडिबुटीको व्यावसायिक निकासी विवरण उपलब्ध गराउने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

## ७. सुझावहरु

खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गरी सोही अनुसारका नीतिगत र कानूनी व्यवस्थाहरु गर्नमा सहयोग पुऱ्याउने उद्देश्यले गरिएको यस अध्ययनबाट प्राप्त सिकाई र अनुभवका आधारमा निम्न सुझावहरु प्रस्ताव गरिएको छ :

- वन नियमावली २०५१ को अनुसूची ३ र ६ मा रहेका खेतिजन्य जडिबुटीलाई उक्त अनुसूचीहरुबाट हटाई अनुसूची २७ मा लैजाने ।
- वन नियमावली २०५१ को अनुसूची २७ मा संशोधन गरी सबै किसिमका खेतिजन्य जडिबुटीहरुलाई उक्त अनुसूचीमा समावेश गर्ने ।
- वन नियमावली २०५१ को अनुसूची २७ समावेश गरिएका र थप समावेश गरिने सबै किसिमका खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा लिइने व्यवस्था गर्ने ।

- वन नियमावली २०५१ को अनुसूची २७ मा समावेश भएका र समावेश गरिने सबै खेतिजन्य जडिबुटीको ओसार पसारका लागि छोडपूर्जी लिन नपर्ने हालको व्यवस्था कायमै राख्दै नियम ६२(४ग) र अनुसूची २९ बमोजिम लगत प्रमाणित गर्नुपर्ने व्यवस्था हटाउने ।
- वन नियमावली २०५१ को अनुसूची २७ समावेश भएका र समावेश गरिने खेतिजन्य जडिबुटीलाई कृषि उपज सरह मानी राजस्व, मूल्य अभिवृद्धि कर र स्थानीय कर नलाग्ने व्यवस्था गर्ने ।
- वन नियमावली २०५१ को अनुसूची २७ समावेश भएका र समावेश गरिने खेतिजन्य जडिबुटी ओसार पसार गर्दा उक्त खेतिजन्य जडिबुटी उत्पादन भएको स्थानीय तहको कार्यालयमा सम्बन्धित किसान वा खेतिजन्य जडिबुटी खरिदकर्ता उद्योगी व्यावसायीले निकासी परिमाणको विवरण उपलब्ध गराई अभिलेख राख्ने व्यवस्था गर्ने ।
- निकासी गर्ने क्रममा क्वारेन्टाइन कार्यालयबाट स्वस्थता प्रमाणपत्र लिदाँ र भन्सारमा प्रज्ञापनपत्र पेश गर्दा खेतिजन्य जडिबुटी र सोमा आधारित वस्तुको हकमा वन विभाग तथा वन कार्यालयको सिफारिस तथा छोडपूर्जी पेश गर्न नपर्ने व्यवस्था गर्ने ।

**सन्दर्भ सामग्रीहरु**


जैविक विविधता महासन्धि १९९२

खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि २००१

सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि १९७३

वन ऐन २०४९

वन नियमावली २०५१

सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ (पहिलो संशोधन विद्येयक २०७५)

औद्योगिक व्यावसाय ऐन २०७३

आर्थिक ऐन २०७५

सहकारी ऐन २०७४

गरिवी निवारण कोष ऐन, २०६३

गाउं/नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३

युवाहरुलाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि २०७१

व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि २०७३

जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१

वन दशक कार्यक्रमको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३

निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि २०७०

नेपाल व्यापार एकिकृत रणनीति (NTIS, 2016)

वाणिज्य नीति, २०७२

कृषि विकास रणनीति (२०१५-२०३५)

कृषि, पशुपंछी, भूमी व्यवस्था र सहरकारी क्षेत्रको रुपान्तरण मार्गचित्र २०७५ (कार्यान्वयन कार्ययोजना)

आर्थिक वर्ष २०७५-७६ को बजेट वक्तव्य

**तालिका १ : खेतिजन्य जडिबुटीहरुको नीतिगत तथा कानूनी अवस्था**

| **क्रस** | **खेतिजन्य जडिबुटी** | **सरकारी प्राथमिकीकरण** | **वन नियमावली २०५१** | | | **वन ऐन २०४९ दफा ७०क** | **साइटिस्** | **राजस्व** |
|---|---|---|---|---|---|---|---|---|
| | | | अनुसूची ३ (जडिबुटी) | अनुसूची ६ (गैरकाष्ठ वन पैदावार) | अनुसूची २७ (ओसार पसार गर्न छोडपूर्जि लिनु नपर्ने) | प्रतिवन्धित (प्रशोधित मात्र खुला) | | |
| १ | चिराइतो | ✓ | ✓ | | ✓ | | | १५।- |
| २ | रिट्ठा | ✓ | ✓ | | ✓ | | | ३।- |
| ३ | अमला | ✓ | ✓ | | ✓ | | | १।- |
| ४ | तेजपात | ✓ | ✓ | | ✓ | | | २।- |
| ५ | कुरिलो, सतावरी | ✓ | ✓ | | ✓ | | | ५।- |
| ६ | बोभ्को | ✓ | ✓ | | | | | ५।- |
| ७ | सर्पगन्धा/ चाँदमरुवा | ✓ | ✓ | | | प्रतिवन्धित | अनुसूची २ | २०।- |
| ८ | कचुर/ वन हलेदो | | ✓ | | | | | ५।- |
| ९ | केसर | | | | | | | |
| १० | अत्तिस | ✓ | ✓ | | | | | १५।- |
| ११ | टिमुर | ✓ | ✓ | | ✓ | | | ८।- |
| १२ | सिल्टीमुर | | ✓ | | ✓ | | | २।- |
| १३ | घ्यूकुमारी | | ✓ | | | | | ५।- |
| १४ | क्यामोमाइल | | ✓ | | | | | |
| १५ | बेल | | ✓ | | ✓ | | | २।- |
| १६ | लप्सी | | ✓ | | ✓ | | | ३।- |
| १७ | रुद्राक्ष | | ✓ | | ✓ | | | ८- |
| १८ | बोधिचित्त | | | | ✓ | | | |
| १९ | चीउरी | | ✓ | | ✓ | | | ३।- |
| २० | मसलाको पात (इकालिप्टस्) | | ✓ | | ✓ | | | ००।२५ |
| २१ | तुलसी | | | | | | | |
| २२ | मेन्था ( पुदिना) | | ✓ | | | | | २।- |
| २३ | लेमनग्रास | | ✓ | | | | | १।- |
| २४ | सिट्रोनेला | | ✓ | | | | | १।- |
| २५ | पामारोजा | | ✓ | | | | | १।- |

## खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्नका लागि वन नियमावली २०५१ मा संशोधन गर्नुपर्ने नियम तथा अनुसूचीहरु

| हालको व्यवस्था | संशोधन गर्नुपर्ने व्यवस्था |
|---|---|
| वन नियमावली २०५१ को अनुसूची ३ मा २१४ वटा जडिबुटी र अनुसूची ६ मा २६ वटा गैरकाष्ठ वन पैदावार सूचीकृत गरिएको । | वन नियमावली २०५१ को अनुसूची ३ मा सूचीकृत गरिएका २१४ वटा जडिबुटी र अनुसूची ६ मा सूचीकृत गरिएका २६ वटा गैरकाष्ठ वन पैदावार मध्ये खेतिजन्य जडिबुटीहरुलाई उक्त अनुसूचीबाट हटाई अनुसूची २७ मा लैजाने । |
| वन नियमावली २०५१ को अनुसूची २७ मा १३ वटा जडिबुटी र २ वटा गैरकाष्ठ वन पैदावार मात्र समावेश भएको । | वन नियमावली २०५१ को अनुसूची २७ मा संशोधन गरी सबै किसिमका खेतिजन्य जडिबुटी समावेश गरी यी जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्ने व्यवस्था गर्ने । |
| नियम ६२(४ग). उपनियम (४क) र (४ख) बमोजिम काठ दाउरा, जडीबुटी वा अन्य वन पैदावार ओसार पुसार गर्दा सम्बन्धित जिल्ला वन कार्यालय वा सो कार्यालयको कार्यक्षेत्रभित्रको इलाका वन कार्यालयबाट काठ दाउराको हकमा अनुसूची-२८ बमोजिम र जडीबुटी वा अन्य वन पैदावारको हकमा अनुसूची-२९ बमोजिम लगत प्रमाणित गराउनु पर्नेछ । | नियम ६२(४ग) संशोधन गरी कृषि उपजको रुपमा रहने खेतिजन्य जडिबुटीको ओसार पसार गर्दा लगत प्रमाणित गराउने व्यवस्था हटाई किसान वा उद्योगी व्यवसायीले खेतिजन्य जडिबुटी शुरु उत्पादन हुने स्थानीय तहमा विवरण उपलब्ध गराउने व्यवस्था गर्ने । |
| वन नियमावली २०५१, अनुसूची २९ | वन नियमावली २०५१ को अनुसूची २९ हटाउने । |
| विरुवा संरक्षण नियमावली २०६४, नियम ८(१)(ख) | नियम ८(१)(ख) अनुसार स्वस्थ्यता प्रमाणपत्र लिनका लागि पेश गर्नुपर्ने कागजातहरु अन्तर्गत निकासी गरिने वस्तु वन पैदावार भए वन विभागबाट जारी भएको छोडपूर्जी समेत पेश गर्नुपर्ने व्यवस्था गरिएकोमा सो व्यवस्था हटाउने । |
| भन्सार नियमावली २०६४, नियम २१ | कृषिजन्य जडिबुटी र सोमा आधारित वस्तु निकासी गर्दा पेश गर्ने प्रज्ञापनपत्रका साथ सम्बन्धित निकायको सिफारिस, इजाजत वा प्रमाणपत्र पेश गर्न नपर्ने व्यवस्था गर्ने । |

मिति : २०७५।५।४

**श्रीमान् सचिवज्यू,**
**वन तथा वातावरण मन्त्रालय,**
**सिंहदरवार, काठमाण्डौं ।**

**विषय : खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदानका लागि वन नियमावली २०५१ को नियम ६२ (४ग) र अनुसूची ३, ६, २७ र २९ संशोधन गरीपाउँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा किसानले आफनो निजी वन तथा कृषि जमिनमा खेतिजन्य जडिबुटीको उत्पादनलाई महत्व दिदै आएका छन् र यसबाट खेतिजन्य जडिबुटीमा आधारित उद्योग व्यावसायका लागि कच्चा पदार्थको आपूर्तीमा समेत सहजता हुँदै आएको छ । नेपाल सरकारका विभिन्न नीतिगत व्यवस्था र कार्यविधिहरुमा पनि किसानको कृषि जमिनमा गरिने खेतिजन्य जडिबुटीको उत्पादन, विक्री वितरण र आपूर्तिलाई सहज बनाउन विभिन्न उत्प्रेरणात्मक व्यवस्थाहरु गरिएका छन् ।

यद्यपि यसरी किसानका कृषि जमिनमा उत्पादन गरिएका खेतीजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्ने स्पष्ट कानूनी व्यवस्थाको अभाव रहेको र वन नियमावली २०५१ को अनुसूची ३, ६ र २७ मा सूचीकृत गरिएका जडिबुटीलाई वनजन्य जडिबुटीको रुपमा लिई वन पैदावार परिचालनसम्बन्धी कानूनी प्रक्रिया अवलम्बन गरेर मात्र संकलन, ओसार पसार र उपयोग गर्नुपर्ने भएकोले खासगरी *संकलन अनुमतिपत्र, छोडपुर्जी, लगत प्रमाणित, राजस्व, कर र निकासी अनुमति* जस्ता कारणले अनेकौ समस्या र कठिनाई उत्पन्न हुँदै आएका छन् ।

निजी वन र कृषि जमिनमा गरिदै आएका खेतिजन्य जडिबुटीहरुको परिचालनमा सिर्जित यी समस्याहरु सम्बोधनका लागि वन नियमावली २०५१ को अनुसूची ३, ६ र २७ मा संशोधन गरी सबै किसिमका खेतिजन्य जडिबुटीहरुलाई अनुसूची २७ मा समावेश गरी उक्त जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गर्ने र वन नियमावलीको नियम ६२(४ग) र अनुसूची २९ संशोधन गरी अनुसूची २७ मा सूचीकृत जडिबुटीको ओसार पसारका लागि लगत प्रमाणित गर्ने व्यवस्थाको सट्टामा कृषिजन्य जडिबुटी शुरु उत्पादन भएको स्थानीय तहमा एक पटक व्यावसायिक निकासी विवरण उपलब्ध गराउने व्यवस्था गर्नु उपयुक्त हुने भएकोले सोही अनुसारको व्यवस्था गर्नेगरी वन नियमावली २०५१ मा आवश्यक संशोधनका लागि हार्दिक अनुरोध गर्दछु ।

सबै किसिमका खेतिजन्य जडिबुटीलाई कृषि उपजको रुपमा मान्यता प्रदान गरी सोही अनुसार परिचालन गर्ने नीतिगत र कानूनी व्यवस्थाहरु गर्नमा सहयोग पुऱ्याउने उद्देश्यले यस नेपाल हर्ब्स तथा हर्वल उत्पादक संघ (नेहपा) द्वारा गरिएको अध्ययन प्रतिवेदनको मसौदा यसै पत्रसाथ अध्ययनका लागि उपलब्ध गराइएको छ ।

**बोधार्थ :**

१. श्रीमान् सचिवज्यू, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिहदरबार, काठमाण्डौ ।
२. श्रीमान् प्रमुखज्यू, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, काठमाण्डौ ।
३. श्रीमान् महानिर्देशकज्यू, वनस्पति विभाग, काठमाण्डौ ।
४. श्रीमान् महानिर्देशकज्यू, वन तथा जलाधार व्यवस्थापन विभाग, काठमाण्डौ ।

गोविन्द घिमिरे
(अध्यक्ष)